# प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१

प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०८१।८।२६

प्रस्तावनाः प्रदेशको सुशासन, दिगो विकास तथा समृद्धिका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्न, नीतिको अनुसन्धान तथा विकास गर्न र प्रदेश सरकारलाई सल्लाह, सुझाव र सहयोग प्रदान गर्नका लागि प्रदेश नीति तथा योजना आयोगको गठन गरी सो को कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस आदेशको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१" रहेको छ ।

(२) यो आदेश सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

(३) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) “अध्यक्ष” भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “आयोग” भन्नाले दफा ३ बमोजिमको प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ ।

(ग) “उपाध्यक्ष” भन्नाले दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत प्रदेश सरकारका कर्मचारी सम्झनु पर्छ ।

(ङ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत आयोगले जारी गरेको निर्देशिका वा कार्यविधिमा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) “परिषद्” भन्नाले दफा ७ बमोजिमको प्रदेश विकास परिषद् सम्झनु पर्छ ।

(छ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ज) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनु पर्छ ।

(झ) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ ।

(ञ) “सदस्य” भन्नाले आयोगको सदस्य सम्झनुपर्छ र सो शब्दले आयोगको सदस्य सचिवलाई समेत जनाउँछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

## परिच्छेद–२

## <u>आयोगको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार</u>

३. <u>आयोगको गठनः</u> (१) प्रादेशिक योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण गर्न एवं नीतिको अनुसन्धान तथा विकास गर्दै प्रदेशस्तरमा सञ्चालित कार्यक्रम र आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनमार्फत प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्न एक प्रदेश नीति तथा योजना आयोग गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिम गठित आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्य रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) | प्रदेश सरकारबाट नियुक्त एकजना | -उपाध्यक्ष |
| (ग) | प्रदेश सरकारबाट नियुक्त बढीमा चारजना | -सदस्य |
| (घ) | प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ङ) | प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (च) | सचिव, प्रदेश नीति तथा योजना आयोग | -सदस्य सचिव |

(३) आयोगको उपाध्यक्ष र उपदफा (२) को खण्ड (ख) (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा देहायका विषय क्षेत्रमध्येवाट कम्तिमा एक जना महिलाको प्रतिनिधित्व हुने गरी अलग अलग विषय क्षेत्रका व्यक्तिहरुमध्येवाट नियुक्त गरिनेछ :-

(क) आर्थिक मामिला, वित्त व्यवस्थापन तथा वित्तीय संघीयता,

(ख) सामाजिक विकास, सुशासन तथा मानव स्रोत व्यवस्थापन,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, र

(घ) कृषि तथा पर्यटन तथा प्राकृतिक स्रोत व्यवस्थापन ।

(४) आयोगको उपाध्यक्ष र उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्नेछन् ।

(५) आयोगको उपाध्यक्ष र उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधी नियुक्ति भएको मितिले चार बर्षको हुनेछ र यस आदेशको अधीनमा रही निजहरुको पुनः नियुक्ति हुन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको पदावधी बाँकी रहेकै अवस्थामा आयोगको उपाध्यक्ष वा उपदफा (२) को खण्ड (ग) बमोजिमको कुनै सदस्यको पद रिक्त हुन गएमा रिक्त स्थानमा बाँकी अवधिका लागि यस आदेशको अधीनमा रही प्रदेश सरकारले अर्को व्यक्तिलाई नियुक्त गर्न सक्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार आयोगको उपाध्यक्ष तथा उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्य हेरफेर गर्न सक्नेछ।

४. <u>आयोगको पूर्ण बैठकः</u> (१) आयोगको पूर्ण बैठक बर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा आयोगको सदस्य-सचिवले पूर्ण बैठक बोलाउनेछ ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ ।

(४) आयोगमा तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) आयोगको बैठकको निर्णय आयोगका सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) आयोगको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग स्वयंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>आयोगको नियमित बैठकः</u> (१) आयोगको नियमित कार्य सञ्चालनको रेखदेख, नियन्त्रण, सुपरीवेक्षण एवं मूल्याङ्कनका लागि आयोगको नियमित बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) आयोगको नियमित बैठक उपाध्यक्षले दिएको निर्देशन बमोजिम आयोगको सदस्य-सचिवले बोलाउनेछ ।

(३) आयोगको नियमित बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ र उपाध्यक्षको अनुपस्थितिमा आयोगका बरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगको नियमित बैठक वापत बैठक भत्ता लिन पाइने छैन ।

(५) आयोगको नियमित बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>आयोगको काम, कर्तव्य र अधिकारः</u> (१) प्रचलित कानून तथा यस आदेशमा अन्यत्र लेखिएका काम, कर्तव्य, अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दीर्घकालीन नीति तथा योजना तर्जुमाः-

(१) प्रदेशको समग्र समृद्धिका लागि भविष्यपरक दृष्टिकोण सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

(२) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(३) प्रदेशको विकासको समभावना र अवसरलाई अध्ययन गरी अल्पकालिन, मध्यकालिन र दीर्घकालीन प्रदेश योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्ने,

(४) सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरुको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी सहमति दिने,

(५) लाभ लागत लगायतका विविध पक्षको विश्लेषणको आधारमा आयोजना बैंक(प्रोजेक्ट बैंक) बनाउने र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी कार्य गर्ने,

(६) प्रदेशको स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,

(७) अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्वन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(८) प्रदेशको समष्टिगत अर्थतन्त्र अनुरुप नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने,

(९) संघ, प्रदेश तथा स्थानीय तहको सह-लगानी हुने आयोजना छनौट र पूर्व तयारी गर्न आवश्यक काम गर्ने,

(१०) प्रदेशस्तरका ठूला आयोजनाहरुको छनौट गर्ने,

(११) प्रदेशमा निजी क्षेत्र र बाह्य लगानीका आयोजनाको इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट कन्ट्र्याक्टिङ्ग, (इपिसि), इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट, कन्ट्रायाक्टिङ्ग एण्ड फायनान्सिङ्ग (इपिसिएफ) र विल्ड, वोन, अपरेट एण्ड ट्रान्सफर (बुट) प्रणालीमा आयोजना निर्माण सम्बन्धी काम गराउने,

(१२) प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गरी कार्यान्वयनमा सहजीकरण गर्ने,

(१३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरेको आधार बमोजिम नीति, निर्देशिका तथा मार्गदर्शन तयार गर्ने,

(१४) तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।

(ख) अनुगमन तथा मूल्याङ्कनः-

(१) प्रदेशको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयक्षेत्रमा नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गर्ने,गराउने,

(३) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ,संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने,

(ग) तहगत समन्वयः-

(१) संघ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(२) अन्तराष्ट्रिय सहायता परिचालनको समन्वय र सहजीकरण गर्ने,

(३) प्रदेश सरकारका क्षेत्रगत नीतिहरुको सहमति दिने,

(४) प्रोजेक्ट बैंक र प्रोजेक्ट योजना तयारीको लागि सार्वजनिक नीजि साझेदारी इकाईको रुपमा काम गर्ने,

(५) प्रदेशभित्रका स्थानीय तहहरुलाई योजना निर्माण तथा कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने।

(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषणः-

(१) प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) सार्वजनिक, नीजि एवं गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा विकास, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने,

(४) विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग समन्वय गरी नीति अनुसन्धानमा सहकार्य गर्ने, र

(५) क्षेत्रगत र विषयगत स्वयंसेवकको छनौट गर्ने, हटाउने, प्रशिक्षार्थी प्रशिक्षण दिने ।

(ङ) प्रचलित कानूनमा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) प्रदेशको नीति तथा योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय नीति तथा लक्ष्य हासिल गर्नमा सघाउ पुग्ने गरी तर्जुमा गर्नु पर्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

## परिच्छेद-३

## प्रदेश विकास परिषद्

७. प्रदेश विकास परिषद्: (१) आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक प्रदेश विकास परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका विभागीय मन्त्रीहरु र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरु - सदस्य

(ग) प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता - सदस्य

(घ) प्रदेश सभाका समितिका सभापतिहरु - सदस्य

(ङ) परिषद्को अध्यक्षले तोकेको प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुखहरुमध्येवाट चार जना र उपप्रमुखहरु मध्येवाट पाँच जना -सदस्य

(च) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(छ) आयोगको उपाध्यक्ष तथा सदस्यहरु - सदस्य

(ज) परिषद्को अध्यक्षले तोकेको प्रदेशभित्रका स्थानीय तहका प्रमुख वा अध्यक्षमध्येवाट चार जना र उपप्रमुख वा उपाध्यक्ष मध्येवाट पाँच जना - सदस्य

(झ) प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र नीजि क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएको व्यक्तिहरुमध्येबाट कम्तीमा तीनजना महिला सहित परिषद्को अध्यक्षले मनोनित गरेको छ जना - सदस्य

(ञ) राष्ट्रिय योजना आयोगको प्रतिनिधि एक जना - सदस्य

(३) आयोगको सचिवले उपदफा (२) बमोजिमको परिषद्को सदस्य सचिवको रुपमा काम गर्नेछ ।

८. परिषद्को बैठक सम्बन्धी व्यवस्था: (१) परिषद्का अध्यक्षको निर्देशनमा सदस्य सचिवले परिषद्को बैठक बोलाउनेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(३) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) परिषद्को निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(५) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

९. प्रादेशिक नीति तथा योजनाको स्वीकृतिः आयोगले तयार गरेको प्रादेशिक नीति तथा योजना परिषद्को बैठकमा छलफल भएपछि सो परिषद्को निर्देशनअनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गरिनेछ ।

## परिच्छेद–४

## उपाध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार

१०. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः आयोगको उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढंगले सम्पादन गर्ने, गराउने,

(ख) प्रदेशको समग्र आर्थिक अवस्था, चालु योजना एवं प्रादेशिक प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र ती समस्या समाधानका उपायका बारेमा आयोगका अध्यक्ष तथा मुख्यमन्त्रीलाई जानकारी गराउने,

(ग) आयोग वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने ।

११. सदस्यको काम, कर्तव्य र अधिकारः आयोगको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी आयोगमा जानकारी गराउने,

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको बार्षिक प्रतिवेदन तयार गरी आयोगमा पेश गर्ने,

(ग) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित अध्ययन, अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिस गर्ने, र

(घ) उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद–५

## उपाध्यक्ष तथा सदस्यको योग्यता, सेवाका शर्त तथा सुविधा

१२. योग्यताः देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष र दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यको पदमा नियुक्त हुन सक्नेछः-

(क) नेपाली नागरिक,

(ख) चालीस बर्ष उमेर पूरा भएको,

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट दफा ३ को उपदफा (३) मा उल्लिखित विषयक्षेत्रसँग सम्वन्धित विषयमा विद्यावारिधी हासिल गरेको वा विश्वविद्यालयको सह-प्राध्यापक भै काम गरेको वा नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तहको



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

शैक्षिक उपाधी हासिल गरी सरकारी निकाय वा संस्थाको नीति निर्माण तह वा विकास योजना, नीति अनुसन्धान, कानून, शैक्षिक प्राज्ञिक, विकास प्रशासन वा अन्य कुनै विषयको क्षेत्रमा कम्तीमा सात वर्ष काम गरी विशिष्टता हासिल गरेको,

(घ) कुनै फौजदारी कसूरमा अदालत वा अर्धन्यायिक निकायबाट सजाय नपाएको,

(ङ) कर बाँकी बक्यौता नरहेको वा बैंकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(च) विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमती नलिएको वा विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमतीका लागि आवेदन नगरेको, र

(छ) कुनै प्रचलित कानूनले अयोग्य नभएको ।

१३. <u>पद रिक्त हुने अवस्था:</u> देहायको अवस्थामा आयोगको उपाध्यक्ष र दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यको पद रिक्त हुनेछः–

(क) मुख्यमन्त्री आफ्नो पदबाट पदमुक्त भएमा

(ख) निजले प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) निजमा दफा १२ बमोजिमको योग्यता कायम नरहेमा,

(घ) प्रदेश सरकारले निजलाई पदमुक्त गरेमा,

(ङ) पैसट्ठी बर्ष उमेर पूरा भएमा,

(च) निजको मृत्यु भएमा, वा

(छ) कुनै कारणबस प्रदेश सरकारले आयोग विघटन गरेमा ।

१४. <u>शपथ:</u> आयोगको उपाध्यक्षले अध्यक्ष समक्ष र दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यले उपाध्यक्ष समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-१ बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।

१५. <u>उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा र मर्यादाक्रम:</u> (१) आयोगको उपाध्यक्ष र दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यको पारिश्रमिक र अन्य सुविधा अनुसूची-२ बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले मर्यादाक्रम निर्धारण नगरेसम्म आयोगका उपाध्यक्ष र दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको मर्यादाक्रम प्रदेश सरकारको राज्यमन्त्री र सहायकमन्त्री सरह हुनेछ।

१६. <u>एउटा सुविधा मात्र पाउने:</u> सरकारी कोषबाट निवृत्तभरण पाईरहेको व्यक्ति आयोगको उपाध्यक्ष वा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यमा नियुक्त भएमा त्यस्तो निवृत्तभरण वा यस आदेश बमोजिमको सुविधा मध्ये कुनै एउटा सुविधा मात्र रोजेर लिन पाउनेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

१७. <u>सुविधाको दुरुपयोग गर्न नहुने:</u> (१) यस आदेश बमोजिम आफूलाई प्राप्त सुविधा आयोगको उपाध्यक्ष तथा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यले आफूले मात्र उपभोग गर्नु पर्नेछ ।

(२) यस आदेश बमोजिम प्राप्त सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले यस आदेशमा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाई दिने, योग्यता नपुगेका व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानी नोक्सानी पुर्‍याउने लगायतका कार्य सम्झनु पर्छ ।

१८. <u>स्वीकृति लिनुपर्ने:</u> (१) आयोगको उपाध्यक्ष र दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यले आयोगको कामको सिलसिलामा विदेश भ्रमण जाँदा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) आयोगको कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा वा निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा आयोगको उपाध्यक्षले अध्यक्षको र दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नीजि कामको सिलसिलामा विदेश भ्रमणमा जाँदा आयोगको उपाध्यक्ष र दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यले कुनै सुविधा पाउने छैनन् ।

## परिच्छेद-६

## <u>आयोगको सचिवालय, सचिव, अन्य जनशक्ति तथा बजेट</u>

१९. <u>सचिवालय र आयोगको सचिव:</u> (१) अध्यक्षको प्रत्यक्ष निर्देशन तथा उपाध्यक्षको सुपरीवेक्षणमा काम गर्ने गरी प्रदेश सरकारले आयोगको सचिवालयको व्यवस्था गर्नेछ ।

(२) सचिवालयमा प्रदेश निजामती सेवाको एघारौं तह वा सो सरहको एक अधिकृत कर्मचारी आयोगको सचिव रहनेछ ।

(३) आयोगको सचिवले आयोगको सचिवालयको सचिवको रुपमा काम गर्नेछ ।

(४) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सचिवालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,

(ख) सचिवालयको प्रशासकीय काम कारवाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नु पर्ने काम गर्ने, र

(घ) तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

२०. <u>जनशक्ति तथा बजेटसम्बन्धी व्यवस्था:</u> (१) आयोगको कार्यालय वा सचिवालय प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेछ ।

(२) आयोगका लागि आवश्यक बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(३) आयोगलाई आफ्नो काम कारवाहीको क्षेत्रमा आवश्यक हुने प्राविधिक सेवाका सम्बन्धमा आयोगमा कार्यरत कर्मचारहरुबाट उपलब्ध हुन नसक्ने अवस्था भएमा आयोगले अवधि किटान गरी प्रचिलित कानुन बमोजिम प्राविधिक कर्मचारीको सेवा लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको व्यवस्था हुन नसक्ने अवस्था भएमा आयोगले प्रदेश सरकारका विषयगत मन्त्रालयहरुबाट आवश्यक विषयविज्ञहरुको सेवा लिन सक्नेछ ।

## परिच्छेद-७

## विविध

२१. पालना गर्नुपर्ने: आयोगले यस आदेश तथा अन्य प्रचलित कानून बमोजिम सम्पादन गर्नु पर्ने कार्यका सम्बन्धमा निर्धारण गरेको नीति, रणनीति, निर्देशन तथा मापदण्डहरु योजना कार्यान्वयन गर्ने सम्बद्ध सबै निकायहरुले पालना गर्नु पर्नेछ ।

२२. अधिकार प्रत्यायोजन: आयोगले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समन्वय गर्ने: आयोगले प्रदेशको सर्वाङ्गिण हित प्रवर्द्धन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग नीतिगत तथा प्रक्रियागत रुपमा समन्वय तथा सहजीकरण गर्नु पर्नेछ ।

२४. प्रतिवेदन पेश गर्ने: (१) आयोगले प्रत्येक बर्ष बार्षिक प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले बर्षभरीमा गरेका प्रमुख काम कारवाही र त्यसबाट हासिल भएका उपलब्धि, प्रदेशको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगले पेश गरेको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पठाउनेछ ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ ।

२५. संघीय निकायसँग सम्पर्क: आयोगले संघीय निकायहरुसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

२६. अनुसूचीमा हेरफेरः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

२७. निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्नेः (१) यस आदेशको उद्देश्य पूर्तिका लागि आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सकिनेछ र सो निर्देशिका वा कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएपछि लागू हुनेछ ।

(२) प्रचलित कानून र यस आदेशको प्रतिकूल नहुने गरी आयोगले आवश्यक मापदण्ड वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ ।

२८. खारेजी वा संशोधनः (१) प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७६ खारेज गरिएको छ ।

(२) यो आदेश जारी हुँदाका बखत प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७६ बमोजिम नियुक्त भई आयोगमा कार्यरत उपाध्यक्ष तथा सदस्य स्वतः पदमुक्त हुनेछन् ।

(३) प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७६ बमोजिम भए गरेका कामकारवाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

(४) यो आदेश खारेज वा संशोधन गर्ने अधिकार प्रदेश सरकार (मन्त्रिपरिषद्) मा निहित रहनेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली

अनुसूची-१

(दफा १४ सँग सम्बन्धित)

<u>शपथको ढाँचा</u>

म............................................................................... मुलूक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै प्रदेश नीति तथा योजना आयोगको .......................................................................पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलूक र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम, थरः......................

दस्तखतः......................

मितिः...........................

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली

अनुसूची-२

(दफा १५ सँग सम्बन्धित)

आयोगका उपाध्यक्ष तथा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यको पारिश्रमिक तथा अन्य सुविधा

| क्र.सं. | विवरण | इकाई दर | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना (ने.रु.) | ६९,६८२।- | ६३,२५०।- |
| २ | आवास सुविधा | प्रति महिना (ने.रु.) | २०,०००।- | २०,०००।- |
| ३ | फर्निचर र फर्निसिङ्ग (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ट/एकपटक मात्र (ने.रु.) | ५०,०००।- | ५०,०००।- |
| ४ | सवारी साधन (चालकसहित) | एक वटा | १ | - |
| ५ | इन्धन (डिजेल/पेट्रोल) | मासिक | १२५ लि. | १०० लि. |
| ६ | मोविल | त्रैमासिक | ५ लि. | ५ लि. |
| ७ | संचार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना (ने.रु.) | ३,०००।- | २,०००।- |
| ८ | यातायात सुविधा | प्रति महिना (ने.रु.) | १५,०००।- | १५,०००।- |
| ९ | विविध | प्रति महिना (ने.रु.) | ३,०००।- | २,०००।- |
| १० | दैनिक भ्रमण भत्ता<br>स्वदेश<br>विदेश | प्रतिदिन<br>रु.<br>अमेरिकी डलर | <br>२५००।-<br>२२५।- | <br>२०००।-<br>१७५।- |
| ११ | चाडपर्व खर्च | वार्षिक | एक महिना बराबरको तलब | एक महिना बराबरको तलब |
| १२ | यात्रा दूर्घट्ना विमा (सरकारी कामको सिलसिलामा) | रु. | २,००,०००।- | २,००,०००।- |

स्पष्टीकरणः

१. सरकारी आवास र सवारी साधन उपलब्ध गराइएको अवस्थामा क्रम संख्या २ र ८ बमोजिमको रकम उपलब्ध गराइने छैन ।

२. सरकारी सवारी साधन उपलब्ध भएमा वा आफ्नै नीजि स्वामित्वको सवारी साधन प्रयोग गरेमा मात्र क्रम संख्या ५ र ६ बमोजिमको जिन्सी सुविधा उपलब्ध गराइनेछ ।

३. आयोगको कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्नुपर्दा उपाध्यक्ष र सदस्यलाई क्रम संख्या १० बमोजिमको दैनिक भ्रमण भत्ता र नियमानुसार लागेको यातायात खर्च उपलब्ध गराइनेछ ।

***



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली